# राष्ट्रिय जनगणना २०७८
# ट्याबलेट प्रयोगकर्ताहरुको लागि प्रशिक्षक तालिम
## मिति २०७८ बैशाख ११ र १२



# प्रस्तुतिका विषय

- ✓ परिचय र जनगणना लगत व्यवस्थापन सञ्चालन सम्बन्धी सामान्य जानकारी
- ✓ राष्ट्रिय जनगणना २०७८ : लगत व्यवस्थापन प्रणाली सन्चालन गर्ने तरिका
- ✓ ट्याबलेटको महत्वपूर्ण Button हरु र त्यसको प्रयोग सम्बन्धी जानकारी
- ✓ कन्ट्रोल फाराम, घर तथा घरपरिवार सूचिकरण फाराम र सामुदायिक प्रश्नावलीको लगत संकलन सम्बन्धी जानकारी (सुपरिवेक्षकको लागि)
- ✓ घरपरिवार मुख्य प्रश्नावलीको लगत संकलन सम्बन्धी जानकारी (गणक तथा सुपरिवेक्षकको लागि)
- ✓ मेनु सिस्टमबाट गरिने थप कामको सम्बन्धमा जानकारी
- ✓ विविध

# सन्दर्भ सामाग्री

## जनगणना लगत व्यवस्थापन सञ्चालन पुस्तिका



**गणना तथा सर्वेक्षणमा लगत व्यवस्थापन**

- परम्परागत लगत व्यवस्थापन (PAPI)
- आधुनिक लगत व्यवस्थापन (CAPI, TAPI, CAWI)

**लगत व्यवस्थापनमा केन्द्रीय तथ्यांक विभागको अनुभव**

- दुई वटा कालखण्ड २०७३ अघि र पछि
  - वि.सं. २०७३ भन्दा अघि पूर्णरुपमा PAPI विधि
  - वि.सं. २०७३ भन्दा पछि CAPI विधिको सुरुवात

    (जलवायु परिवर्तन प्रभाव सर्वेक्षण २०७३ (आन्तरिक व्यवस्थापन), भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम, २०७३ (बाह्य व्यवस्थापन)
- तथ्यांक विभागबाट सन्चालित गणना तथा सर्वेक्षणमा CAPI विधि प्रयोग भएका गणना तथा सर्वेक्षणहरु : Climate Change Impact Survey 2016, CRVS Survey 2017, Nepal Labour Force Survey 2017, National Economic Census 2018 (Partially), Multiple Indicator Cluster Survey 2019
- आगामी जनगणना २०७८ मा PAPI, CAPI, CAWI गरी तीन वटा विधि प्रयोग हुने ।

**CAPI विधिमा प्रयोग हुने सफ्टवेयर**

- CSPro, ODK, COBO collect, SurveySolution, SurveyCTO, Blaise आदि
- आगामी जनगणनामा प्रयोग हुने software package : **CSPro**

# राष्ट्रिय जनगणनामा प्रयोग हुने प्रश्नावलीहरु

राष्ट्रिय जनगणना मुख्यतया ४ प्रकारका प्रश्नावली / फारामको प्रयोग हुनेछ :

१. कन्ट्रोल फाराम - प्रदेश/जिल्ला जनगणना अधिकारीले भर्ने व्यवस्था मिलाउने र प्रदेश / जि.ज.अ.ले नै डाटा पठाउने

२. घर तथा घरपरिवार सूचिकरण फाराम - सुपरिवेक्षकले भर्ने, सुपरिवेक्षकले नै डाटा पठाउने

३. जनगणना मुख्य प्रश्नावली - गणकले भर्ने, सुपरभाईजरले डाटा पठाउने

४. सामुदायिक प्रश्नावली - सुपरिवेक्षकले भर्ने, सुपरिवेक्षकले नै डाटा पठाउने

# एप्लिकेशन सन्चालन सुचारु गर्नु भन्दा अघिको मान्यता (Assumption) र तयारी कार्य

## मान्यता (Assumption)

- चार प्रकारका प्रश्नावलीहरुबाट के कस्ता विषयबस्तुमा विवरण संकलन गर्न खोजिएको हो सो सम्बन्धी पूर्ण ज्ञान भईसकेको हुनुपर्नेछ ।
- चार प्रकारकै प्रश्नावलीको विवरण संकलन सम्बन्धमा सैद्धान्तिक विषयवस्तुको सम्बन्धमा जानकारी हासिल भईसकेको हुनुपर्नेछ ।

## तयारी कार्य

- ट्याबलेट प्राप्त गरी व्याट्री पूर्ण चार्ज भएको हुनुपर्नेछ
- आफ्नो ट्याबलेटको नाम के हो र ट्याबलेटको नम्बर कति हो डायरीमा टिपोट गर्नुपर्नेछ ।
- प्रशिक्षणको क्रममा आफुले काम गर्नुपर्ने स्थानको वास्तविक विवरण नभरी ताप्लेजुङ जिल्लाको विभिन्न भौगोलिक क्षेत्रलाई प्रयोग गर्न सकिने छ ।  गणनाको कार्य शुरु गर्नु अघि आफुले काम गर्ने बास्तविक ठाउँको update लिनु पर्नेछ । अभ्यासको लागि लिईएको भौगोलिक क्षेत्र र बास्तविक गणनाको समयमा जिल्ला जनगणना अधिकारीले खटाएको भौगोलिक क्षेत्र (प्रदेश, जिल्ला, नगरपालिका, वडा नं., गणना क्षेत्र र आवश्यक परेमा ब्लकको नाम) अनिवार्य रुपमा आफ्नो डायरीमा टिप्नु पर्नेछ ।

# एप्लिकेशन सन्चालन सुचारु गर्नु भन्दा अघिको मान्यता (Assumption) र तयारी कार्य

## तयारी कार्य

- गणक तथा सुपरिवेक्षकले आफ्नो कोड र आफुले काम गर्नु पर्ने भौगोलिक क्षेत्रको विवरण (नाम र कोड) आफ्नो डायरीमा टिप्नु पर्नेछ ।
- सुपरिवेक्षकको हकमा आफु अन्तरगतका गणकहरु कुन कुन भौगोलिक क्षेत्रमा खटिएका छन् वहाँहरुको कोड र भौगोलिक क्षेत्रहश्र समेत टिप्नु पर्नेछ ।
- घरपरिवार सूचिकरण फाराम कम्तिमा २० घर र घरपरिवारको भरिएको नमूना प्रश्नावली हुनुपर्नेछ ।
- जनगणना मुख्य प्रश्नावलीको कम्तिमा ५ परिवारको भरिएको नमूना प्रश्नावली हुनुपर्नेछ ।
- सामुदायिक प्रश्नावलीको कम्तिमा १ वटा भरिएको नमूना प्रश्नावली हुनुपर्नेछ ।
- गणनाको कार्य शुरु गर्नु अघि गणनाको कार्य कुन स्थानबाट शुरु गरेर कुन स्थानमा अन्त गर्नेहो आफ्नो गणना क्षेत्र घुमी पहिले नै मोटामोटी योजना बनाउनु पर्नेछ ।

## डायरीमा टिपोन गर्नुपर्ने विषयहरु :

१. **आफ्नो आई.डि. कोड :** ............................(जिल्ला जनगणना अधिकारी वा स्थानीय जनगणना अधिकारीले उपलब्ध गराउनेछ)

२. **आफुले काम गर्न लागेको भौगोलिक क्षेत्र (अभ्यासको लागि र बास्तविक गणना दुवैको लागि अलग अलग टिपोट गर्नुपर्नेछ)**

  २.१ प्रदेशको नाम : ....................................  कोडः ...............

  २.२ जिल्लाको नाम : ....................................  कोडः ...............

  २.३ गा.पा.न.पाको नामः : ............................  कोडः ...............

  २.४ वडा नं. :..........................

  २.५ गणना क्षेत्र नं. : .................... (गणकको लागि मात्र)

  २.६ ब्लक : .......... (गणकको लागि मात्र) (ब्लक छैन भने ब्लक नभएको लेख्नु होला, ब्लक छ भने A, B, C, D कुन Block हो सो लेख्नुहोला)

३. **आफुले प्रयोग गर्ने ट्याबलेट नं.** : .................................. (ट्याबलेटको पछाडीपट्टी स्टीकरमा लेखिएको छ)

४. गणकको हकमा **अनुसुची** २ अनुसारको विवरण आफ्नो डायरीमा टिप्नु पर्नेछ ।

५. सुपरिवेक्षकको हकमा **अनुसूची** १ अनुसार आफ्नो विवरण र **अनुसूची** २ अनुसार आफु अन्तरगतका गणकहरुको विवरण पनि आफ्नो डायरीमा अनिवार्य रुपमा लेख्नुपर्नेछ ।

# राष्ट्रिय जनगणना २०७८ को लगत व्यवस्थापन एप्लिकेशन सुचारु गर्ने तरिका

१) CSEntry apps मा Click गर्नुहोस् ।

२) अव राष्ट्रिय जनगणना २०७८ को लागि तयार पारिएको लगत व्यवस्थापन प्रणालीको **मेनु सिस्टम** खुल्नेछ ।



# मेनु सिस्टम भनेको के हो ?

मेनु सिस्टम राष्ट्रिय जनगणनाको विद्युतीय प्रविधि (ट्याबलेट) प्रयोग गरी लगत संकलन तथा कागजी प्रश्नावलीको लगत प्रविष्टिको लागि बनाईएको छाता (Umbrella) प्रोग्राम हो । यसैबाट राष्ट्रिय जनगणनाको लगत व्यवस्थापनमा संलग्न व्यक्ति (केन्द्रीय समूह, सुपरभाईजर, गणक) का लागि बनाइएका विभिन्न एप्लिकेशनहरु र कार्य (function) सन्चालन र नियन्त्रण हुनेछ । मेनु सिस्टमलाई तलको चित्रबाट प्रष्ट पार्न खोजिएको छ।

**“मेनु एप्लिकेशन त्यो चौबाटो हो जहांबाट आफ्नो गन्तव्यमा जाने बाटो पहिचान गर्दछौं र आफ्नो गन्तव्यमा पुग्नेछौं”**




Population Census Data Management System
Menu System
Control Form Entry
Household Listing Application
Census Main Questionnaire
Community Questionnaire
Synchronization
Miscellaneous work

# Menu System मा प्रयोग भएका विभिन्न variable

Menu System बाट जनगणनामा बनाइएको एप्लिकेशनहरु चगल गर्नु अघि यस मेनु सिस्टममा केही विवरणहरु प्रविष्टि गर्नु पर्दछ । त्यसको संक्षिप्त विवरण निम्नानुसार छ ।

## Role :

- तपाई सुपरीवेक्षकको रोलमा काम गर्दै हुनुहुन्छ भने **सुपरीवेक्षक** छान्नुहोस ।
- तपाई गणकको रोलमा काम गर्दै हुनुहुन्छ भने **गणक** छान्नुहोस ।



## Action :

- तपाई प्रश्नावलीको विवरण संकलन गर्न लाग्नु भएको हो भने **1. Data Entry** छान्नुहोस ।
- तपाईले अर्को मेसिन (कम्प्युटर वा ट्याबलेट) सँग फाइल आदान प्रदान गर्न लाग्नु भएको हो भने **2. Synchronize** छान्नुहोस ।
- तपाई ट्याबलेटमा आन्तरिक रुपमा **save** भएको विवरणहरु **clear** गरी एप्लिकेशनबाट बाहिर निस्कनको लागि **8. Logout and Exit** छान्नुहोस ।
- तपाई ट्याबलेटमा आन्तरिक रुपमा **save** भएको विवरणहरु **clear** नगरी एप्लिकेशनबाट बाहिर निस्कनको लागि **9. Exit** छान्नुहोस ।



# Module:

- कन्ट्रोल फारामको लागि काम गर्नु परेमा **१. कन्ट्रोल फाराम** छान्नुहोस ।
- घरपरिवार सूचिकरण फारामको लागि काम गर्नु परेमा **२. घर तथा घरपरिवार सूचिकरण फाराम** छान्नुहोस ।
- जनगणना मुख्य प्रश्नावलीको लागि काम गर्नु परेमा **३. जनगणना मुख्य प्रश्नावली** छान्नुहोस।
- जनगणना मुख्य प्रश्नावलीको लागि काम गर्नु परेमा **४. सामुदायिक प्रश्नावली** छान्नुहोस ।



# भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographic Area)

सुपरिवेक्षक तथा गणकले काम गर्न लाग्नु भएको भूगोल कुन हो ?

Province : प्रदेशको कोड छान्नुहोस

District: जिल्लाको कोड छान्नुहोस






# भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographic Area)

Ga.pa./Na.pa: गाउँपालिका.नगरपालिका लेख्नुहोस्

Ward No.: वडा नं. लेख्नुहोस्






# भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographic Area)

**EA :** **गणना क्षेत्र लेख्नुहोस् ।**




नोट : गणना क्षेत्र (EA) नम्बर र ब्लक नाम लेख्नु पर्ने भए जिल्ला जनगणना अधिकारी वा स्थानीय जनगणना अधिकारीले उपलब्ध गराउने छ ।

**SUPERVISOR :** तपाईलाई जिल्ला जनगणना अधिकारीले उपलब्ध गराएको कोड लेख्नुहोस् ।

**Tablet Number :** ट्यावलेटको पछाडी स्टीकरमा लेखिएको ट्यावलेट नम्बर लेख्नुहोस् ।

**फिल्ड कार्यको मिति (महिना र गते)** :लगत संकलन गर्न गई रहेको महिना र गते लेख्नुहोस् ।









**Is Correct ? :** तपाईले यस अघि छानेको वा इन्ट्री गरेको विवरणहरु ठिक छ भने Yes छान्नुहोस् ।

**Do you want to proceed ? :** तपाईले छानेको वा इन्ट्री गरेको विकल्प अनुसारको काम गर्न जानको लागि Yes छान्नुहोस् ।







मेनु सिस्टममा छ भने त्यसको जानकारीको लागि **तपाई अहिले मेनु सिस्टममा हुनुहुन्छ** भन्ने आईरहेको हुनेछ ।

**संक्षिप्तमा मेनु सिस्टममा जनगणना लगत व्यवस्थापन प्रणाली सन्चालनको लागि निम्न Step हरु पुरा गर्नुपर्नेछ ।**

| STEP 1 | STEP 2 | STEP 3 | STEP 4 | STEP 5 | STEP 6 |
|---|---|---|---|---|---|
| **ROLE** (Supervisor OR Enumerator) | **ACTION** (1.Data Entry OR 2. Synchronization) | MODULE (1. Control 2. Listing 3. Main Quationnaire 4. Community Quest.) | **GEOGRAPHIC IDENTIFICATION** (Province, District, GAPA/NAPA, Ward, EA, BLOCK) | **OTHER INPUT** (Tablet Number, Type of House, Date of Enumeration) | **Confirmation** (Iscorrect?, Proceed ?) |

नोटः सबै कामको लागि सबै Step मा गईरहनु पर्नेछैन, आवश्यकता अनुसार जानेछ ।

# मेनु सिस्टमबाट जनगणना प्रश्नावलीमा प्रवेश गरेपछिको तलको स्क्रिन आउने छ

पहिले ईन्ट्री भएको Case यहाँ देखिने छ। पहिले इन्ट्री भएको विवरण सच्याउन परेमा जुन Case मा सच्याउनु पर्ने हो त्यसमा click गर्नुपर्नेछ।




नयाँ case थप गर्न यहाँ क्लिक गर्नुहोस्।

# ट्यावलेटको महत्वपूर्ण Button हरु र त्यसको प्रयोग सम्बन्धी जानकारी

मेनु सिस्टमबाट मुल प्रश्नावलीको लगत संकलनको एप्लिकेशन सुचारु हुँदा शुरुमा डाटा इन्ट्री (Add Mode) मा आउने छ (त्यो भनेको ट्यावलेटको स्क्रिनमा तपाईले काम गर्न लाग्नु भएको प्रदेश कुन हो ? भन्ने आउने छ र Keyboard/Numeric pad/ छनौट विकल्प आउने छ । Add Mode मा देखिने केही उपयोगी Button हरु निम्नानुसार छन्

**ADD/MODIFY MODE**



# ट्यावलेटको महत्वपूर्ण Button हरु र त्यसको प्रयोग सम्बन्धी जानकारी

**STOP MODE**



## Navigation Key :

Navigation Key **>** मा क्लिक गर्दा एक स्क्रिन पछाडी जानेछ भने **<** मा क्लिक गर्दा एक स्क्रिन अगाडी जानेछ ।




### Tablet को पुछारका button हरु

Android Tablet को पुछारमा रहेका तीन वटा button ◁ ○ ▭ हरु महत्वपूर्ण छन् । यी button हरु मध्ये ◁ ले application back गर्नेछ, ○ button ले खुल्ला भएको application minimize गर्नेछ र ▭ button ले खुलेर minimize भएका application हरु कुन active गर्ने भनेर छान्नको लागि देखिनेछ । ◁ Button ले application नै Close गर्ने भएकोले यो Button प्रयोग गर्दा विस्तारै होसियारीका साथ गर्नु पर्दछ ।

**Down Key ▽**

यदि text field वा numeric field छ भने Keyboard/Numeric Key Pad देखिने छ। Keyboard/Numeric Key pad बन्द गर्न आवश्यक भएमा यो Key मा Press गर्न सकिन्छ। यो key press गर्दा Keyboard/Numeric Key Pad बन्द हुनेछ। यो button keyboard वा numeric Key pad आएको बेलामा मात्र देखिनेछ।

**Tringle (Back) button**

यो Key मा Press गर्दा अहिले खुलेको वा Add mode रहेको Program Close हुनेछ। अर्थात प्रोग्रामको Add mode वा Edit Mode बाट Stop Mode मा जानेछ। यो महत्वपूर्ण Key हो किनभने यसले Add वा Edit mode बाट **Stop mode** मा ल्याउने छ। यो key press गर्नु अघि तपाईले अहिले सम्म भरेका विवरणहरु सुरक्षित (Save) भएको सुनिश्चित हुनुपर्नेछ। Mode Stop भएको अवस्थामा अहिले सम्म भरिएका घरपरिवारहरुको लिस्ट र संख्या देखिने छ। यदि Mode Stop भएको अवस्थामा फेरी Back Arrow Key press गरेमा प्रोग्राम नै Close हुनेछ। Mode Stop भएको बेलामा नयाँ परिवारको बारेमा इन्ट्री गर्नु परेमा **+** sign (Add button) मा Click गर्नु पर्दछ। **यदि डाटा इन्ट्री भई रहेको बेलामा Back Key press गरेमा डाटा save नभई stop Mode मा जानेछ। तसर्थ यो Key press गर्ने बेलामा होसियारी पुर्‍याउनु पर्दछ।**

## Circle (Minimize) button◯

यो Key मा Press गर्दा अहिले खुलेको Application बन्द नभई Minimize हुनेछ र फेरी त्यहि ठाउँमा त्यहि स्थितीमा ल्याउन सक्छौं।

## Square (Restore) button □

यो Key मा Press गर्दा Minimize भएका प्रोग्रामहरु देखिने छ र त्यसमध्ये कुन प्रोग्रामलाई Restore [वा active] गर्ने हो त्यो प्रोग्रामलाई Click गर्नुपर्नेछ।

## Left or Right Navigation Key < >

यो Key मा Press गर्दा एक Screen अगाडी वा पछाडी जानेछ। त्यसरी जाँदा प्रश्नहरुको उत्तरका बीच सामान्जस्ता परिक्षण गरी जानेछ। यदि प्रश्नहरुको उत्तरको विचमा सामान्जस्यता छैन भने error वा warning message आउनेछ। error message आएको अवस्थामा अगाडी बढ्ने छैन। Warning Message आएको खण्डमा गणकले विवेक प्रयोग गर्नुपर्नेछ। छनौट गरिएको विकल्प उत्तरदाताको वास्तविकता नै हो कि छनौट गर्दा गल्ती हुन गएको हो। यदि उत्तरदाताको बास्तविकता हो भने सुधार नगरी अगाडी बढ्नु पर्दछ भने हामीले छनौट गर्दा वा लेख्दा गल्ती हुन गएको हो भने सुधार गरी अगाडी बढ्नु पर्दछ।

## System Button of CSEntry ( ⁝ )

लगत संकलनको एप्लिकेशन सुचारु (Run) भईरहेको अवस्थामा ट्याबलेटको Top Right Corner मा रहेको ⁝ Button थिच्दा तलका बिल्कल्पहरु देखिने छन् जसको काम छोटकारीमा निम्नानुसार रहेको छ ।

- **Change Language :** यस बाट एप्लिकेशनको भाषा परिवर्तन गर्न सकिनेछ ।
- **Advance to End :** यस बाट Modification गरेको अवस्थामा एप्लिकेशनको जुनसुकै भागबाट पूर्णरुपमा Save गरी Close गर्न सकिनेछ । Data Modification मा यो Option अति उपयोगी हुनेछ ।
- **Hide/Show Navigation Controls :** यस बाट Navigation Key On/Off गर्न सकिनेछ ।
- **Hide/Show Case Tree :** यस बाट Left Panel On/Off गर्न सकिनेछ ।

## User's Button

एप्लिकेशनको आवश्यकता हेरी एप्लिकेशन निर्माणकर्ताले विशेष कामको लागि Button बनाएको हुन्छ । यो एप्लिकेशनको आवश्यकता अनुसार फरक फरक हुने भएकोले सम्बन्धित एप्लिकेशन मै User's Button को बारेमा चर्चा गरिएको छ । यहाँ User's button को लागि यो button प्रयोग गर्न सकिन्छ भन्ने मात्र देखाइएको छ ।

# घरपरिवार सूचिकरणको लगत संकलन/लगत

# घरपरिवार सूचिकरणको लगत संकलन/लगत प्रविष्टि गर्ने तरिका

सुपरभाईजरले घरपरिवार सूचिकरण फाराामको लगत संकलन तथा प्रविष्टिको लागि तलको प्रकृया अपनाउनु पर्नेछ ।

१. **राष्ट्रिय जनगणना २०६८ को लगत व्यवस्थापन प्रणालीको मेनु प्रणाली** Run **गर्ने** (**Click on CSEntry**)

२. **ROLE:** २. सुपरभाईजर

३. **ACTION:** 1. Data Entry (Interview)

४. **MODULE:** २. घरपरिवार सूचिकरण फाराम












# ५. भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographical Area)

**PROVINCE:** तपाईले काम गर्न लाग्नुभएको प्रदेश कुन हो सो प्रदेशको नाम छान्नुहोस् ।

**DISTRICT:** तपाईले काम गर्न लाग्नुभएको जिल्ला कुन हो सो जिल्लाको नाम छान्नुहोस् ।

**GAPA/NAPA:** तपाईले काम गर्न लाग्नुभएको गाउँपालिका/नगरपालिका कुन हो सो गाउँपालिका / नगरपालिकाको नाम छान्नुहोस् ।

**Ward:** तपाईले काम गर्न लाग्नुभएको वडा नं. कति हो सो वडा नं. इन्ट्री गर्नुपर्नेछ ।















६. **SUPERVISOR:** जिल्ला जनगणना कार्यालयले सुपरभाईजरको लागि उपलब्ध गराएको IDCODE यहाँ प्रविष्टी गर्नु पर्दछ । *(विस्तृत विवरणको लागि पुस्तिका हेर्नुहोस्)*

७. **Tablet Number:** तपाईले प्रयोग गरी रहनु भएको ट्याबलेटको नम्बर कति हो ? ट्याबलेटको पछाडी लेखिएको ट्याबलेट नम्बर लेख्नु पर्दछ ।

८. **Interview Date (Month/Day):** तपाईले लगत संकलन गर्न लाग्नु भएको मिति कुन हो (महिना र गते) ? सो यहाँ लेख्नु पर्दछ ।

९. **Is Correct:** तपाईले छानेका वा प्रविष्टि गरेको विवरणहरु ठिक छ भनेर सोधिएको हो । यदि ठिक छ भने Yes छान्नुहोस् ।

१०. **Are you sure to Proceed :** यहाँबाट तपाईले छानेको Action अनुसारको काम गर्न जानको लागि अन्तिम स्वीकृती लिइएको हो।















मेनु सिस्टममा **Do you want to Proceed** ? मा Yes मा क्लिक गरपछि तलको स्क्रिन आउने छ । अव तपाई लिटिङको लगत संकलनको लागि बनाइएको एप्लिकेशन खुल्नेछ । मेनु सिस्टमबाट घरपरिवार सूचिकरण फाराममा प्रवेश गरेको जानकारीको सूचना **“राष्ट्रिय जनगणनाको फिल्ड कार्यमा यहाँलाई स्वागत छ । अब तपाई घरपरिवार सूचिकरण फाराममा प्रवेश गर्नुभएको छ”** आए पछि प्रोग्राम डाटाइन्ट्री (प्रश्नावली भर्ने) अवस्थामा जानेछ । यसमा Ok मा click गरपछि तलको स्क्रिन आउनेछ ।






## घर तथा घरपरिवार सूचीकरण फारामको ट्यावलेटमा लगत संकलनको बहाव

नेपाल सरकार
केन्द्रीय तथ्याङ्क विभाग

# घर तथा घरपरिवार सूचीकरण फारम




नोट : एउटा गणना क्षेत्रको एउटा मात्र CASE हुनेछ । गणना क्षेत्र भित्रका सवै घर तथा घरपरिवारहरुको विवरण यहि Case भित्र तालिकाको रुपमा रहनेछ ।

## प्रदेश




## जिल्ला




## गाउं पालिका / नगरपालिका



मेरो गणना मेरो सहभागिता

## वडा नं.




## गणना क्षेत्र




## गाउं/बस्ती/टोलको नाम



# जग्गाको इकाई लेख्नुहोस्



## महल १: घरक्रसंख्या




एउटा घरमा एक परिवार भन्दा बढी परिवार बसेको भए घर नम्बर एउटै हुन्छ ।

## महल २: कति तल्ला र घर बनेको वर्ष




एउटा घरमा एक परिवार भन्दा बढी परिवार बसेको भए दोस्रो परिवार देखि यो सोधिने छैन ।

## महल ३: घरको मुख्य प्रयोग




एउटा घरमा एक परिवार भन्दा बढी परिवार बसेको भए दोस्रो परिवार देखि यो सोधिने छैन ।

## महल ४: यस घरमा बसोवास गरेका परिवार संख्या




एउटा घरमा एक परिवार भन्दा बढी परिवार बसेको भए दोस्रो परिवार देखि यो सोधिने छैन ।

## महल ५: यस घरमा बसोवास गरेका परिवारको क्रमसंख्या




यो महलमा सिस्टमले आफै क्रमसंख्या राखिदिनेछ ।

## महल ६: जनगणना घर क्रमसंख्या




यो महलमा सिस्टमले आफै जनगणना घरक्रमसंख्या राखिदिनेछ ।

## महल ७: जनगणना परिवार क्रमसंख्या




यो महलमा सिस्टमले आफै जनगणना घरक्रमसंख्या राखिदिनेछ ।

## महल ८: परिवारको मुली




परिवारमूली भेट भएन भने **REVISIT** लेखी आज वहाँको कुनै विवरण लिने छैन । पछि आई पुन: लिनु पर्नेछ ।

## महल ९: परिवारमा अक्सर बसोवास गर्ने सदस्य संख्या




महिला, पुरुष र अन्य लिङ्गीको जोड जम्मा संग मिल्नु पर्नेछ ।

## महल १०: सम्बन्धित गा.पा./न.पा. भित्र आफैले चलन गरेको कृषि जग्गा छ ?




## महल ११: आफैले चलन गरेको यस गा.पा./न.पा. भित्रको कृषि जग्गाको क्षेत्रफल




महल १० मा जग्गा छैन भन्ने आयो भने यो महल सोध्ने छैन ।

## महल १२: सम्बन्धित गा.पा./न.पा. भन्दा बाहिर आफैले चलन गरेको कृषि जग्गा छ ?



## महल १३: आफैले चलन गरेको यस गा.पा./न.पा. बाहिरको कृषि जग्गाको क्षेत्रफल




महल १२ मा जग्गा छैन भन्ने आयो भने यो महल सोध्ने छैन ।

## महल १४: परिवारले पशुपंक्षी पालेको छ ?




## महल १५: परिवारले पालेको गाई/गोरुको संख्या




महल १४ मा परिवारले पशुपँक्षी पालेको छैन भने यो महल सोध्ने छैन ।

## महल १५: परिवारले पालेको राँगा/भैंसीको संख्या




## महल १५: परिवारले पालेको याक/नाक/चौरीको संख्या




## महल १५: परिवारले पालेको भेडाको संख्या




महल १४ मा परिवारले पशुपँक्षी पालेको छैन भने यी महलहरु सोध्ने छैन ।

## महल १५: परिवारले पालेको बाख्रा/च्याङ्ग्राको संख्या




## महल १५: परिवारले पालेको संगुर/बंगुरको संख्या




## महल १५: परिवारले पालेको घोडा/खच्चर/गधाको संख्या




महल १४ मा परिवारले पशुपँक्षी पालेको छैन भने यी महलहरु सोध्ने छैन ।

## महल १५: परिवारले पालेको अन्य पशुको संख्या




## महल १६: परिवारले पालेको कुखुराको संख्या




## महल १६: परिवारले पालेको हाँसको संख्या




महल १४ मा परिवारले पशुपँक्षी पालेको छैन भने यी महलहरु सोध्ने छैन ।

## महल १६: परिवारले पालेको अन्य पंक्षीको संख्या




महल १४ मा परिवारले पशुपंक्षी पालेको छैन भने यो महल सोध्ने छैन । तर महल १४ मा पशुपंक्षी पालेको छ भने कुनै न कुनै पशुपंक्षीको संख्या आउनु पर्दछ ।

## महल १७: परिवारले सरकारी अनुदान अन्तर्गत आवासिय घर निर्माण गरेको




## महल १८: बैंक खाता भएको परिवारका सदस्य संख्या




महल ०९ मा परिवारका सदस्य संख्या भन्दा बढी खाता भएको सदस्य संख्या आएमा गल्ती हुनेछ ।

## महल १९: प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम लिएका सदस्य संख्या




महल ०९ मा परिवारका सदस्य संख्या भन्दा बढी भएमा गल्ती हुनेछ ।

## महल २०: परिवारले ऋण सुविधा लिएको छ ?



## ADD NEW CASE (ADD MODE)

मेनु सिस्टमबाट घरपरिवार सूचिकरणको लगत संकलन गर्न प्रवेश गर्नासाथ एप्किेशन Add Mode मा जानेछ। यदि डाटा इन्ट्री एप्लिकेशन **STOP MODE** मा छ भने ट्याबलेटको पुछारमा रहेको **+** sign मा क्लिक गरी Add Mode मा जानेछ।

## SAVE CASE

पारिवारिक सुचिकरण फारामको लगत संकलन गर्दा यस वडामा रहेका सम्पूर्ण घरपरिवारको लगत संकलनको कार्य सकिएपछि अव सकियो, थप घर वा घरपरिवार छैन भन्ने जानकारी दिनको लागि **9999** नम्बर लेख्नुपर्दछ। यो लेखिसकेपछि Program ले डाटा Save गर्ने हो भनेर सोध्ने छ त्यति बेला Yes मा Click गर्नु पर्दछ।

यदि डाटा इन्टरी प्रोग्राम EDIT Mode मा गई पहिले भरेका विवरणहरु सुधार गर्दै हुनुहुन्छ भने विचैमा complete save गर्न ट्याबलेटको right top corner मा रहेको ठाडो धर्कामा press गरी advance to end मा click गर्नु पर्दछ।

## Partial Save

घरपरिवार सूचिकरणको लगत संकलन एकै दिनमा, एकै छिनमा सकिदैछ। यसको लागि केहि दिन लाग्न सक्छ। लगत संकलन गर्दै जाँदा अहिलेसम्म संकलन गरेका विवरणहरु सुरक्षित गर्दै जानुपर्दछ। घरपरिवार सूचिकरणको एप्लिकेशनले प्रत्येक लहरको लगत संकलनको काम सकिएपछि आफै System ले Partial Save गर्दछ। तर सुपरभाईजरले चाहेको बेलामा Partial Save गर्नुपरेमा top right corner को ठाडो धर्कामा Click गरी Partial Save मा Click गर्न सक्नुहुनेछ वा User Menu Button को "**SavePartial**" Button मा Press गर्न सक्नुहुनेछ।

## STOP CASE (STOP MODE)

इन्ट्री भएका घरपरिवारहरुको सूची हेर्नु परेमा, इन्ट्री भईसकेका घरपरिवारको विवरणमा सच्याउनु परेमा वा इन्टॖी भईसकेका घरपरिवार दोहोरिएको अवस्थामा एउटा मेटाउनु परेमा Add mode stop गर्नु पर्दछ। Mode Stop गर्नको लागि Tablet को पुछारमा रहेको Back button ( ◁ ) लाई एक पटक थिच्नु पर्दछ। तर यो Button थिच्नु अघि Partial Save वा Fully Save भएको सुनिश्चित हुनुपर्दछ। Back Button prese गर्दा "__________end Household Listing Entry ? ________" आउने छ यति बेला यदि घरपरिवार सूचिकरण फारामको ईन्ट्री एप्लिकेशनबाट बाहिर जाने हो भने Yes मा क्लिक गर्नुहोस्, घरपरिवार सूचिकरण फारामबाट बाहिर नगई Mode मात्रै Stop गर्ने हो भने No गर्नु पर्दछ।

## EDIT CASE

इन्ट्री भएका घरपरिवारहरुको सूची हेर्नु परेमा वा इन्ट्री भईसकेका घरपरिवारको विवरणमा सच्याउनु परेमा र application डाटा इन्ट्री मोडमा छ भने stop गर्नुपर्दछ र जुन घरपरिवारको डाटा Edit गर्ने हो त्यसमा क्लिक गर्नु पर्दछ। यदि डाटा इन्ट्री प्रोग्राम EDIT Mode मा गई पहिले भरेका विवरणहरु सुधार गर्दै हुनुहुन्छ भने विचैमा complete save गर्न ट्याबलेटको right top corner मा रहेको ठाडो धर्को ( ⋮ ) मा press गरी advance to end मा click गर्नु पर्दछ।

## DELETE CASE

यस अघि इन्ट्री भएका घरपरिवार मेटाउनु छ भने र डाटा इन्ट्री एप्लिकेशनको मोड STOP गर्नु पर्दछ। जुन घरपरिवारको डाटा delete गर्नुपर्ने हो त्यसलाई select गरेर एकछिन Hold गर्नुहोस् र delete मा select गर्नुहोस्। यस एप्लिकेशनमा गणक तथा सुपरभाईजरले लगत मेटाउन सक्ने छैन। लगत मेटाउनु परेको खण्डमा केन्द्रीय लगत व्यवस्थापनका सदस्यले मात्र मेटाउन सक्नेछ।

## घरपरिवार सूचिकरण फारामको एप्लिकेशनमा प्रयोग भएका User's Button हरु

### संस्थागत घरपरिवारको सुचीकरण

संस्थागत घरपरिवारको सूचिकरण सामान्य घरपरिवारको सूचीकरण गर्दै गरेको समयमा मिल्ने छैन । छात्राबास, वृद्धाश्रम, कारागार, व्यारेक जस्ता संस्थागत बसोवास भएको परिवारको सूचीकरण सामान्य घरपरिवारको सूचीकरण सकिएपछि गर्नु पर्नेछ । तसर्थ, संस्थागत परिवारको सूचीकरण डायरीमा वा कागजी प्रश्नावलीमा टिपोट गरी सामान्य घरपरिवारको सूचीकरण सकिएपछि ईन्ट्री गर्नु पर्दछ ।

### घरपरिवारमा पुग्दा उत्तरदिने व्यक्ति नभेटिएको अवस्थामा के गर्ने

कुनै घरपरिवारमा पुग्दा कुनै घरमा बसोवास गर्ने परिवारका सदस्य भेट भएन भने, अझ भनौ एक घरमा एक भन्दा बढी परिवार बसोवास गरेको छ र त्यस मध्ये कुनै एक परिवार भेट भएन भने उक्त परिवारको परिवारमूलीको नाम लेख्ने महल (महल ८) सम्म इन्ट्री गर्ने र परिवारमूलीको नाम लेख्ने ठाउँमा "REVISIT" लेख्ने । सम्बन्धित गणना क्षेत्रमा **REVISIT** गरेर पुरा गर्नुपर्ने घरपरिवारहरुको सूची हेर्नु परेमा **Button** मा क्लिक गरी सम्बन्धित घरपरिवारमा जान सकिन्छ ।

## घरपरिवार सूचिकरण फारामको एप्लिकेशनमा प्रयोग भएका User's Button हरु

### घरपरिवारमा पुग्दा उत्तरदिने व्यक्ति नभेटिएको अवस्थामा के गर्ने

कुनै घरपरिवारमा पुग्दा कुनै घरमा बसोवास गर्ने परिवारका सदस्य भेट भएन भने, अझ भनौं एक घरमा एक भन्दा बढी परिवार बसोवास गरेको छ र त्यस मध्ये कुनै एक परिवार भेट भएन भने उक्त परिवारको परिवारमूलीको नाम लेख्ने महल (महल ८) सम्म इन्ट्री गर्ने र परिवारमूलीको नाम लेख्ने ठाउँमा "REVISIT" लेख्ने । सम्बन्धित गणना क्षेत्रमा **REVISIT** गरेर पुरा गर्नुपर्ने घरपरिवारहरुको सूची हेर्नु परेमा **Button** मा क्लिक गरी सम्बन्धित घरपरिवारमा जान सकिन्छ ।

## घरपरिवार सूचिकरण फारामको एप्लिकेशनमा प्रयोग भएका User's Button हरु

### Language

यो Button मा Click गर्दा एप्लिकेशन नेपाली र अंग्रेजी भाषामा परिवर्तन हुनेछ।

### Calculator

यो Button मा Click गर्दा क्याल्कुलेटर खुल्नेछ ।

### SavePartial

प्रत्येक लाईन इन्ट्री सकिएपछि automatically Partial Save हुनेछ । त्यसबाहेक यो Button मा Click गर्दा अहिले जहाँ सम्म लगत संकलन भएको छ त्यहाँसम्मको विवरण Partial Save हुनेछ ।

# घरपरिवार सूचिकरण फारामको एप्लिकेशनमा प्रयोग भएका User's Button हरु

## Goto Last Household

Partially save भएको data मा नयाँ घर वा घरपरिवारको विवरण थप गर्न जानु परेमा एक एक फिल्ड हुँदै जाँदा निकै निरश र समय लाग्नेछ तसर्थ System ले नै अन्तिममा जाने व्यवस्था मिलाएको छ। यो Button मा Click गर्दा Listing को अन्तिमको हरफको पहिलो महलमा पुग्नेछ। यदि Warning Message आई विचमा रोकिएको वा कुनै कारणबस एक पटक Click गर्दा पुगेन भने पुनः दोहोर्‍याउनु पर्दछ।

## Show Last 10 Household

ट्याबलेट प्रयोग गरेर लिस्टिङ्गको विवरण संकलन गर्दा एकपटकमा एउटा मात्र फिल्ड देखिने भएकोले यस अघि लगत्तै कुन कुन घर वा घरपरिवारको विवरण संकलन गरिएको छ हेर्न आवश्यक पर्न सक्छ। यो Button मा Click गर्दा Listing को इन्ट्री भएको पछिल्लो १० वटा हरफको डाटा देखाउने छ। यसले सुपरभाईजरलाई लगत्तै यस अघि कुन कुन घर र घरपरिवारको लिस्टिङ कार्य गरि सकिएको रहेछ भने हेर्न सहज हुनेछ।

## घरपरिवार सूचिकरण फारामको एप्लिकेशनमा प्रयोग भएका User's Button हरु

### Show REVISIT HHLD

घरपरिवारका सदस्यहरु भेट नभएको अवस्थामा पुन विवरण लिन आउनु पर्ने भएकोले परिवारमूलको नाम लेख्ने स्थानमा **REVISIT** लेखी अगाडी बढेको अवस्थामा सम्बन्धित गणना क्षेत्र भरीमा **REVISIT** गर्नुपर्ने घरपरिवार कुन कुन हो  भनी हेर्नको लागि button मा क्लिक गर्नुपर्नेछ । साथै Revisit गर्नुपर्ने घरपरिवार छान्यो त्यसको विवरण भर्नको लागि त्यहि लाईनमा जानेछ ।

**घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण** (घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण हेर्नको लागि लगत संकलन पुस्तिकाको ...... पेज हेर्नुहोला)

9001 यो प्रोग्राम सिधै RUN हुनेछैन । कृपया मेनु प्रोग्रामबाट RUN गर्नुहोस

{=======================< Introduction >==================================}

001 मेनु सिस्टममा छानेको प्रदेश [=%d] र यहाँ छानेको प्रदेश [=%d] फरक भयो, एउटै हुनुपर्दछ ।

002 मेनु सिस्टममा छानेको जिल्ला [=%d] र यहाँ छानेको जिल्ला [=%d] फरक भयो, एउटै हुनुपर्दछ ।

003 मेनु सिस्टममा छानेको गाउँपालिका/नगरपालिका [=%d] र यहाँ छानेको गाउँपालिका/नगरपालिका [=%d] फरक भयो, एउटै हुनुपर्दछ ।

004 मेनु सिस्टममा लेखेको वडा नम्बर [=%d] र यहाँ लेखेको वडा नम्बर [=%d] फरक भयो, एउटै हुनुपर्दछ ।

005 मेनु सिस्टममा लेखेको गणना क्षेत्र [=%d] र यहाँ लेखेको गणना क्षेत्र [=%d] फरक भयो, एउटै हुनुपर्दछ ।

010 गाउँ/बस्ती/टोलको नाम छोटो (५ अक्षर भन्दा कम) भयो ।

011 गाउँ/बस्ती/टोलको नाममा नम्बर आयो ।

{ ===========================< ROSTER >=====================================}
{ -------------------> Housing Section <------------------}
0101 [L01/R-%03d] पहिलो घर/भवनको घर क्र.सं. १ बाट शुरु हुनु पर्दछ ।

0102 [L01/R-%03d] यो अर्को घर हो । त्यसैले यो घरको घर क्र.सं. अघिल्लो घरको घरक्र.सं. भन्दा १ ले बढी हुनु पर्दछ।

# घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण. .......

0103 [L01/R-%03d] यस अघिको घर र यो घर एउटै हो । तसर्थ अघिल्लो घरको घर क्र.सं. [=%d] र यस घरको घर क्र.सं. एउटै हुनुपर्दछ । यो घरमा [=%d] परिवारहरु बसोवास गरेका छन् । ती सवै परिवारको लगत भरेर सकाउनुहोला ।

0201 [L02/R-%03d] घरको तल्ला संख्या १० भन्दा बढी भयो । कृपया निश्चित हुनुहोस् ।

0401 [L04/R-%03d] WARNING !!! यो घरमा १५ पविार भन्दा बढी परिवार बसोवास गरेको आयो । कृपया निश्चित हुनुहोस् ।

0501 [L05/R-%03d] पहिलो परिवारको परिवार क्र.सं. १ बाट शुरु हुनु पर्दछ ।

0502 [L05/R-%03d] यस घरमा बसोवास गरेका परिवारहरु मध्ये पहिलो परिवारको परिवार क्रमसंख्या १ हुनु पर्दछ ।

0503 [L06/R-%03d] यस घरमा बसोवास गरेका परिवारहरुको परिवार क्रमसंख्या क्रमबद्धरुपमा मिलेको हुनुपर्दछ । [अघिल्लो परिवार क्रमसंख्या =%d यस परिवारको परिवार क्रमसंख्या =%d]

{ -------------------> Household Section : Census House and Household <------------------}

0601 [L06/R-%03d] पहिलो जनगणना घरको घर क्र.सं. १ बाट शुरु हुनुपर्दछ ।

0602 [L06/R-%03d] यो अर्को जनगणना घर हो । त्यसैले यो जनगणना घरको घर क्र.सं. अघिल्लो जनगणना घरको घर क्र.सं. भन्दा १ ले बढी हुनुपर्दछ ।

603 [L06/R-%03d] यस अघिको जनगणना घर र यो जनगणना घर एउटै हो । तसर्थ अघिल्लो जनगणना घरको घर क्र.सं. [=%d] र यस जनगणना घरको घर क्र.सं. एउटै हुनुपर्दछ ।

604 0701 [L07/R-%03d] पहिलो जनगणना परिवारको परिवार क्र.सं. १ बाट शुरु हुनुपर्दछ ।

## घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण. .......

0702 [L07/R-%03d] जनगणना परिवार क्र.सं.को क्रमवद्धता मिलेन ।

{ -----------------> Household Section : Population <------------------}

0801 [L08/R-%03d] परिवारमूलीको नाम छोटो (५ अक्षर भन्दा कम) भयो ।

0802 [L08/R-%03d] परिवारमूलीको नाममा नम्बर आयो ।

0901 [L09/R-%003d] WARNING! (%d) जना अन्य लिङ्गीको संख्या आयो । लेखेको ठिक छ ? यकिन गर्नुहोस् ।

0902 [L09/R-%003d] (%d) कुल संख्या र पुरुष, महिला र तेस्रो लिङ्गीको जोड बराबर भएन ।

{ -------------------> Household Section : Land <------------------}

1101 [L11/R-%003d] WARNING ! ८० विघा भन्दा बढी जग्गा कृर्षि प्रयोजनको लागि प्रयोग गरेको आयो । विघामा लेखेको अंक ठिक छ < यकिन हुनुहोस् ।

1102 [L11/R-%003d] विघामा लेखिएको संख्या शुन्य भन्दा कम भयो ।

1103 [L11/R-%003d] कम्तीमा कुनै एउटा इकाई (बिघा, कठ्ठा वा धुर) मा जग्गाको क्षेत्रफल आउनु पर्दछ ।

1201 [L12/R-%003d] १५० रोपनी भन्दा बढी जग्गा कृर्षि प्रयोजनको लागि प्रयोग गरेको आयो । रोपनीमा लेखेको अंक ठिक छ ? यकिन हुनुहोस् ।

1202 [L12/R-%003d] रोपनीमा लेखिएको संख्या शुन्य भन्दा कम भयो ।

1203 [L12/R-%003d] कम्तीमा कुनै एउटा इकाई (रोपनी, आना वा पैसा) मा जग्गाको क्षेत्रफल आउनु पर्दछ ।

# घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण. .......

{ -------------------> Household Section : Livestock <------------------}

1401 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका गाई/गोरुको संख्या २५ भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1402 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका गाई/गोरुको संख्या शुन्य भन्दा कम भयो ।

1403 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका भैसी/राँगाको संख्या १५ भन्दा बढी भयो ।

1404 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका भैसी/राँगाको संख्या शुन्य भन्दा कम भयो ।

1405 [L14/R-%003d] तराईका जिल्लामा याक/चौरी/नाक आउनु भएन ।

1406 [L14/R-%003d] WARNING ! पहाडी जिल्लामा याक/चौरी/नाक आयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस्

1408 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका याक/चौरी/नाकको संख्या शुन्य भन्दा कम भयो ।

1409 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका भेडाको संख्या ५० भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1410 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका भेडाको संख्या शुन्य भन्दा कम भयो ।

1411 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका बाख्राको संख्या ५० भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1412 L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका बाख्राको संख्या शुन्य भन्दा कम भयो ।

1413 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका बंगुर/सुंगुरको संख्या १५ भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस्

1414 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका बंगुर/सुंगुरको संख्या शुन्य भन्दा कम भयो ।

## घरपरिवार सूचिकरण फारामको सामन्यजस्यता सम्बन्धी विवरण. .......

1415 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका घोडाको संख्या ५ भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1416 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका घोडाको संख्या शुन्य भन्दा कम भयो ।

1417 [L14/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका अन्य पशुको संख्या १५ भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1418 [L14/R-%003d] कृषि प्रयोजनको लागि पालिएका अन्य पशुको संख्या शुन्य भन्दा कम भयो ।

**{ -------------------> Household Section : Poultry <------------------}**

1501 [L15/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका कुखुराको संख्या १०० भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1502 [L15/R-%003d] कृषि प्रयोजनको लागि पालिएका कुखुराको संख्या शुन्य भन्दा कम भयो ।

1503 [L15/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका हाँसको संख्या १०० भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1504 [L15/R-%003d] कृषि प्रयोजनको लागि पालिएका हाँसको संख्या शुन्य भन्दा कम भयो ।

1505 [L15/R-%003d] WARNING ! कृषि प्रयोजनको लागि पालिएका अन्य पंक्षीको संख्या ५० भन्दा बढी भयो । लेखेको अंक ठिक छ ? निश्चित हुनुहोस् ।

1506 [L15/R-%003d] कृषि प्रयोजनको लागि पालिएका अन्य पंक्षीको संख्या शुन्य भन्दा कम भयो ।

1507 [L15/R-%003d] कृषि प्रयोजनको लागि पालिएका कुनै एक प्रकारको पशु वा पंक्षी आउनु पर्दछ ।

# अभ्यास :

१ Hardcopy मा उपलब्ध गराइएको घर तथा घरपरिवार सूचीकरण फाराममको केही लहर भर्ने
२. प्रोग्रामबाट पुरै बाहिर जाने
३. **Entry** गर्न बाँकी भाग इन्ट्री पुरा गर्ने, Entry पुरा गर्न जाँदा User Buttonको सहयोग लिने
४ **User's Button** मा भनिएको function हरु हेर्ने
५ कुन गल्ती हुँदा कुन गल्ती वा सचेत सूचना आउँदो रहेछ केही चेक गर्ने
६. पहिले भन्दा फरक भौगोलिक क्षेत्र राखेर मोक अन्तरवार्ता गरी केही घर तथा घरपरिवार सूचिकरण फाराम भर्ने

# घरपरिवार मुख्य प्रश्नावलीको लगत संकलन सम्बन्धित जानकारी

(गणक र सुपरिवेक्षकको लागि)

# घरपरिवार मुख्य प्रश्नावलीको लगत संकलन कार्य कसरी सुरुवात गर्ने

१. राष्ट्रिय जनगणना २०६८ को लगत व्यवस्थापन प्रणालीको मेनु प्रणाली Run गर्नुहोस् । (Click on CSEntry)

२. **ROLE:** (3) गणक छान्नुहोस् ।






३. **ACTION:** 1.Data Entry (Interview) छान्नुहोस् ।

४. **MODULE:** 3. Census Main Questionnaire छान्नुहोस् ।






# ५. भौगोलिक क्षेत्रको पहिचान (Identification of Geographic Area)

**PROVINCE:** तपाईले काम गर्न लाग्नुभएको प्रदेश कुन हो सो प्रदेशको नाम छान्नुहोस् ।

**DISTRICT:** तपाईले काम गर्न लाग्नुभएको जिल्ला कुन हो सो जिल्लाको नाम छान्नुहोस् ।






**GAPA/NAPA:** तपाईले काम गर्न लाग्नुभएको गाउँपालिका/नगरपालिका कुन हो सो गाउँपालिका / नगरपालिकाको नाम छान्नुहोस् ।

**Ward:** तपाईले काम गर्न लाग्नुभएको वडा नं. कति हो सो वडा नं. लेख्नुहोस् ।






**EA:** तपाईलाई काम गर्न तोकिएको गणना क्षेत्र कति हो सो गणना क्षेत्र लेख्नुहोस्।

**BLOCK:** यदि एउटा गणना क्षेत्रमा एकै जना गणकले जनगणनाको काम गर्ने भएमा ब्लक छैन भन्नको लागि X छान्नु पर्दछ। यदि एक जना गणकले एउटा गणना क्षेत्रमा काम गर्न नसकाउने भएर एक भन्दा बढी गणक प्रयोग गरेको भए जिल्ला जनगणना अधिकारीको प्रत्यक्ष निर्देशनमा पहिलो गणकले ब्लक A, दोस्रो गणकले ब्लक B, तेस्रो गणकले ब्लक C छान्नु पर्दछ।






६. **ENUMERATOR:** जिल्ला जनगणना कार्यालयले गणकको लागि उपलब्ध गराएको IDCODE यहाँ प्रविष्टी गर्नु पर्दछ । (विस्तृतको लागि जनगाना लगत व्यवस्थापन प्रणाली पुस्तिका हेर्नुहोस्)

७. **Interview Date (Month/Day):** तपाईले लगत संकलन गर्न लाग्नु भएको मिति कुन हो (महिना र गते) ? सो लेख्नु पर्दछ ।









८. **TABLET NUMBER:** जनगणनाको फिल्ड कार्यमा तपाईलाई उपलब्ध गराएको ट्याबलेटको नम्बर कति हो, ट्याबलेटको पछाडी पट्टी लेखिएको नम्बर हेरी लेख्नु पर्दछ।

९. **तपाई अहिले कस्तो प्रकारको घरको विवरण लिन लाग्नु भएको हो ?**

सामान्य घरपरिवार, संस्थागत घरपरिवार वा घरवार बिहिन कस्तो प्रकारको घरपरिवारको विवरण लागेको हो यहाँ छान्नुहोस् ।






१०. **Is Correct:** तपाईले यस छानेका वा इन्ट्री गरेको विवरणहरु ठिक छ भनेर सोधिएको हो । यदि ठिक छ भने Yes छान्नुहोस् ।

११. **Are you sure to Proceed :** अब तपाईले छानेको Action अनुसारको काम गर्न जानको लागि अन्तिम स्वीकृति लिइएको हो । यहाँ Yes छान्नुहोस् ।






मेनु सिस्टमबाट जनगणना मख्य प्रश्नावलीको लगत संकलन गर्ने भनेर आएको अवस्थामा जनगणना मुख्य प्रश्नावीको लगत संकलनको लागि बनाइएको एप्लिकेशन खुल्नेछ । यसको सूचनाको लागि जनगणना मुख्य प्रश्नावलीको एप्लिकेशन खुल्ना साथ ***“राष्ट्रिय जनगणना २०७८ को स्थलगत कार्यमा यहाँलाई स्वागत छ । अव तपाई जनगणना मुख्य प्रश्नावलीमा प्रवेश गर्नु भएको छ ”*** भन्ने Message आउने छ ।



# जनगणना मुख्य प्रश्नावलीको ट्याबलेटमा लगत संकलनको बहाव





नोटः एउटा घरपरिवारको लगतको एउटा Case हुनेछ ।

# परिचयात्मक विवरण

जनगणना मुख्य प्रश्नावलीको लगत संकलन गर्दा सवैभन्दा पहिले परिचयात्मक विवरण भर्नुपर्नेछ । भौगोलिक क्षेत्रको विवरण दिदा मेनु सिस्टममा जुन भौगोलिक क्षेत्रको विवरण लेखेको हो यहाँ पनि हुबहु मिल्नु पर्दछ । नमिलेमा गलत सन्देश आउने छ ।




उदाहरण लागि परिचयात्मक विवरणका केही प्रश्नहरुको ट्यावलेटका screen shot निम्नानुसार रहेको छ ।



# पारिवारिक विवरण



















नोटः उत्तर भर्ने क्रममा एउटा प्रश्न र अर्को प्रश्नको विचको सामान्जस्यता नमिलेमा सचेत तथा गल्ती सन्देश आउनेछ । विस्तृत विवरणको लागि सामान्जस्यता सेक्सन हेर्नुहोला ।

# मृत्यु सम्बन्धी विवरण

यदि घरपरिवारमा विगत १ वर्ष भित्र परिवारका सदस्यको मृत्यु भएको छ भने "परिवारमा विगत १ वर्षमा कसैको मृत्यु भएको थियो ?" भन्ने प्रश्नमा "१. थियो" भनेर छान्नुपर्दछ र कति जना व्यक्तिको मृत्यु भएको थियो सो संख्या लेख्नु पर्दछ । यहाँ जति जना व्यक्तिको मृत्यु भएको थियो त्यति नै जना व्यक्तिको विवरणको बारेमा लगत संकलन गर्नु पर्दछ। यदि मृत्यु भएको छैन भने "२. थिएन" भनेर छान्नुपर्दछ।

















# विदेश अनुपस्थित सम्बन्धी विवरण

यदि घरपरिवारका सदस्य मध्ये कोही सदस्य विदेशमा अनुपस्थित भएको भए परिचयात्मक विवरणमा अनुपस्थित विदेश गएका संख्याको लहरमा महिला र पुरुषको संख्या लेखिएको हुनेछ । परिचयात्मक विवरणमा कति जना व्यक्ति विदेशमा अनुपस्थित हुनुहुन्छ यहाँ त्यति नै जना व्यक्ति (महिला र पुरुष समेत) को विवरण आउनु पर्नेछ । एउटा व्यक्तिको विवरण भरि सकेपछि दोस्रो व्यक्तिको बारेमा सोध्नेछ।

















# व्यक्तिगत खण्ड

व्यक्तिगत विवरणको लगत संकलन गर्दा प्रत्येक व्यक्तिको नाम देखि सम्पूर्ण विवरण एकै पटक सोद्धा कुनै व्यक्तिको विवरण सोध्न छुट्न सक्छ (जस्तै भर्खरै जन्मेका बालबालिका, परिवारका जेष्ठ सदस्य आदि) तसर्थ यहाँ व्यक्तिको विस्तृत विवरण सोध्नु अघि उक्त घरपरिवारमा को को व्यक्ति अक्सर रुपमा बसोवास गर्नुहुन्छ परिवारमूली देखि लिएर पारिवारिक हाँगो (Family Tree) अनुसार परिवारका सबै व्यक्तिको नाम लेख्ने र त्यसपछि क्रमैसँग प्रत्येक व्यक्तिको अलग अलग विवरण लिने गरी एप्लिकेशनको ढाँचा तयार पारिएको छ । परिवारमा अक्सर बसोवास गर्ने व्यक्ति कति जना छन् ती व्यक्तिको नाम क्रमैसँग सोधि सकेपछि दोस्रो चरणमा पहिलो व्यक्तिदेखि प्रत्येक व्यक्तिको व्यक्तिगत सम्पूर्ण विवरणहरु सोध्ने छ । एउटा व्यक्तिको सम्पूर्ण विवरण भर्न सकिएपछि दोस्रो व्यक्तिको, तेस्रो व्यक्तिको गरी सम्पूर्ण व्यक्तिको विवरण सोध्ने छ ।

**जनगणना मुख्य प्रश्नावलीको ट्याबलेटमा लगत संकलनको बहाव**

| सि.नं. | परिवारमा अक्सर बसोवास गर्ने व्यक्तिको नाम र थर (परिवारका व्यक्तिको नाम र थर लेख्दा सबैभन्दा पहिले परिवारमूलीको नाम लेखी बाँकी सदस्यहरुको क्रमैसँग लेख्नुहोस्) |
|---|---|
| (१) | (२) |
| १ | ↓ |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |

## जनगणना मुख्य प्रश्नावलीको ट्याबलेटमा लगत संकलनको बहाव

| सि.नं. | [नाम] परिवारमूलीको के नाता पर्नुहुन्छ ? | [नाम] को लिङ्ग कुन हो ?<br>पुरुष .....१<br>महिला ....२ | ..... | [नाम] ले कति वर्षमा विवाह गर्नु भयो ? |
|---|---|---|---|---|
| (१) | (३) | (३) | .... | (१४) |
| १ | | | ..... | |
| २ | | | ..... | |
| ३ | | | ..... | |
| ४ | | | ..... | |
| ५ | | | ..... | |
| ६ | | | ..... | |
| ७ | | | ..... | |
| ८ | | | ..... | |

| सि.नं. | [नाम] ले पढ्न लेख्न जान्नु भएको छ ? | ..... | [नाम] यस स्थानमा बसोवास गर्नु वा आउनुको मुख्य कारण के हो ? |
|---|---|---|---|
| (१) | (१५) | .... | (२५) |
| १ | | ..... | |
| २ | | ..... | |
| ३ | | ..... | |
| ४ | | ..... | |
| ५ | | ..... | |
| ६ | | ..... | |
| ७ | | ..... | |
| ८ | | ..... | |

| सि.नं. | [नाम] हालसम्म कति जना जीवित बच्चा जन्माउनु भयो ? | | ..... | [नाम] ले गत १२ महिनामा आर्थिक काम खोज्नुभएको वा कामको लागि उपलब्ध हुनु भएको थियो ? |
|---|---|---|---|---|
| | छोरा | छोरी | | |
| (१) | (२६) | | .... | (३७) |
| १ | | | ..... | |
| २ | | | ..... | |
| ३ | | | ..... | |
| ४ | | | ..... | |
| ५ | | | ..... | |
| ६ | | | ..... | |
| ७ | | | ..... | |
| ८ | | | ..... | |

# व्यक्तिगत प्रश्नावलीको ट्यावलेटको केही Screen shot

## पारिवारिक हाँगो (Family Tree) अनुसारको घरपरिवारका प्रत्येक व्यक्तिको नाम

### पहिलो व्यक्ति




### दोस्रो व्यक्ति




### तेस्रो व्यक्ति




### चौथो व्यक्ति




### पाँचौ व्यक्ति




### छैठौ व्यक्ति



# पहिलो व्यक्तिको विवरण





















# दोस्रो व्यक्तिको विवरण












# अन्तिम व्यक्तिको विवरण












# अन्य उत्तर

कुनै कुनै प्रश्नमा हाल भईरहेको छनौट विकल्पभन्दा बाहेक आउने अरु उत्तरहरु पनि महत्वपूर्ण हुन सक्छ । तसर्थ प्रश्नावलीमा भएका उत्तरहरु भन्दा बाहेक “अन्य” उत्तर आएमा अन्य भनेको के हो Text मै उत्तर लेखि लगत प्रविष्टिको कार्य सम्पन्न भएपश्चात अन्यमा आएका उत्तरहरुलाई विश्लेषण गर्न सकिन्छ । यसरी विश्लेष्ण गरी अन्यमा एकै किसिमको धेरै उत्तर आएमा छुट्टै छनौट विकल्प बनाउन सकिन्छ भने त्यहाँ भएकै छनौट विकल्पमा पर्नु पर्ने तर उत्तरदाता वा प्रश्नकर्ताले नबुझी अन्यमा राखि दिएको रहेछ भने त्यहाँ भएकै कुनै विकल्पमा समायोजन गर्न पनि सकिन्छ वा अन्यमा नगन्य मात्रामा उत्तर आएको छ भने त्यस्तो अवस्थामा “अन्य” विकल्पमै राख्न पनि सकिन्छ ।

राष्ट्रिय जनगणना २०७८ मा प्रयोग भएको प्रश्नावलीमा जम्मा ५ प्रकारका प्रश्नावलीमा अन्यमा उत्तर आएमा त्यो अन्य भनेको के हो भनि खुलाउनु पर्नेछ । यस्तो अवस्थामा अन्य कोड लेख्नासाथ एउटा अन्य भनेको के हो Text लेख्नको लागि छुट्टै  Secondary form खुल्नेछ ।



राष्ट्रिय जनगणना २०७८ मा अन्यमा उत्तर आएमा खुलाउनु पर्ने प्रश्नहरु र अन्यको कोड निम्नानुसार रहेको छ।

| सि.नं. | प्रश्न नं. | प्रश्न | अन्यको कोड |
|---|---|---|---|
| १. | Q07 | [नाम] को जातजाति के हो ? | 996 |
| २. | Q08 | [नाम] को पुर्खाको भाषा कुन हो ? | 996 |
| ३. | Q09 | [नाम] को मातृभाषा कुन हो ? | 996 |
| ४. | Q10 | [नाम] को दोस्रोभाषा कुन हो ? | 996 |
| ५. | Q11 | [नाम] ले कुन धर्म मान्नुहुन्छ ? | 96 |

## ADD NEW CASE (ADD MODE)

मेनु सिस्टमबाट प्रश्नावलीमा प्रवेश गरेको जानकारीको सूचना **“राष्ट्रिय जनगणना २०७८ को स्थलगत कार्यमा यहाँलाई स्वागत छ । अब तपाई जनगणना मुख्य प्रश्नावलीमा प्रवेश गर्नुभएको छ”** भन्ने Message आए पछि प्रोग्राम लगत संकलनको (प्रश्नावली भर्ने) अवस्थामा जानेछ । त्यो भनेको ट्याबलेटको स्क्रिनमा **“तपाईले काम गर्न लाग्नु भएको प्रदेश कुन हो ?”** भन्ने प्रश्न आउने छ । यो आएमा डाटा इन्ट्री एप्लिकेशन Add mode मा रहेको भनेर थाहा पाउनु पर्नेछ । यदि डाटा इन्ट्री एप्लिकेशन **STOP MODE** मा छ भने ट्याबलेटको पुछारमा रहेको **+** sign मा क्लिक गरी Add Mode मा जान सकिनेछ ।









## SAVE CASE

एउटा घरपरिवारको पारिवारिक विवरण र परिवारका सम्पूर्ण व्यक्तिको व्यक्तिगत विवरण संकलन गरिसकेपछि विवरण उपलब्ध गराउने व्यक्तिको नाम सोध्ने छ । सो व्यक्तिको विवरण उपलब्ध गराईसकेपछि Accept this case ? भनेर आउनेछ त्यति बेला Yes मा Click गर्नु पर्दछ । यदि डाटा इन्ट्री प्रोग्राम EDIT/MODIFY Mode मा गई पहिले भरेका विवरणहरु सुधार गर्दै हुनुहुन्छ भने विचैमा Complete Save गर्न Tablet को Top Right Corner मा भएको ठाडो धर्का ( | ) मा Press गरी Advance to end मा Click गर्नुहोला ।

## Partial Save

जनगणना मुख्य प्रश्नावलीको लागि Partial save गर्न हुँदै जानेछ । तर गणकले कुनै पनि घर Partial save रहने गरी भर्नु हुने छैन । सबै घरपरिवारको विवरण पुरा गर्नुपर्नेछ ।

## DELETE CASE

इन्ट्री भएका घरपरिवारहरु हटाउनु छ भने र डाटा इन्ट्री एप्लिकेशनको मोड STOP गर्नु पर्दछ । जुन Household delete गर्नुपर्ने हो त्यसलाई select गरेर एकछिन Hold गर्नुहोस् र delete मा select गर्नुहोस् । नोटः गणक तथा सुपरीवेक्षकले भरिसकेका लगत मेटाउन सक्ने छैन । केन्द्रीय गत व्ज्यवस्थापनका सदस्यले मात्र भरिसकेको लगत मेटाउन सक्नेछ ।

## STOP CASE (STOP MODE)

इन्ट्री भएका घरपरिवारहरुको सूची हेर्नु परेमा, इन्ट्री भईसकेका घरपरिवारको विवरणमा सच्याउनु परेमा वा इन्ट्री भईसकेका घरपरिवार दोहोरिएको अवस्थामा मेटाउनु परेमा Add mode लाई stop गर्नु पर्दछ । Mode Stop गर्नको लागि Tablet को पुछारमा रहेको Back button (◁) लाई एक पटक थिच्नु पर्दछ। यो Button थिच्नु अघि अहिलेसम्म भरेका घरपरिवारको विवरण पूर्णरुपमा Save भएको सुनिश्चितत हुनुपर्नेछ । Back Button press गर्दा "__________end Household Entry ? _________" आउने छ यति बेला यदि घरपरिवार सूचिकरण फाराममको ईन्ट्री एप्लिकेशनबाट बाहिर जाने हो भने Yes मा क्लिक गर्नुहोस्, घरपरिवार सूचिकरण फारामबाट बाहिर नगई Mode मात्रै Stop गर्ने हो भने No गर्नु पर्दछ।

## EDIT/MODIFY CASE

Edit/Modify Mode पनि Add Mode जस्तै हो फरक यत्ति हो कि यसमा पहिल्यै भरिएका लगत वा छानेका विकल्पहरु देखिन्छ भने Add Mode मा Data भरिएको हुने छैन ।

इन्ट्री भएका घरपरिवारहरुको सूची हेर्नु परेमा वा इन्ट्री भईसकेका घरपरिवारको विवरणमा सच्याउनु परेमा Add Mode stop गर्नुपर्दछ र जुन Household को Edit गर्ने हो त्यसमा क्लिक गर्नु पर्दछ । यदि डाटा इन्ट्री प्रोग्राम EDIT Mode मा गई पहिले भरेका विवरणहरु सुधार गर्दै हुनुहुन्छ र विचैमा complete save गर्न ट्याबलेटको right top corner मा रहेको ठाडो धर्कामा press गरी advance to end मा click गर्नु पर्दछ ।

# जनगणना मुख्य प्रश्नावलीको डाटा इन्ट्री प्रोग्राममा राखिएका User's Button हरु र त्यसको प्रयोग




